लुम्बिनी प्रदेश सरकार

**मिति २०८२/०८/२९ गतेको १६३ औं सचिव बैठकका निर्णयहरु:**

१. लुम्बिनी प्रदेश सरकारका सबै विषयगत मन्त्रालयहरूका सचिवहरूले मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेश हुनु भन्दा कम्तिमा ३ (तीन) दिन अगावै प्रमुख सचिव समक्ष पेश गर्ने।

२. चालु आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रमको हालसम्मको भौतिक तथा वित्तीय विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यथासीघ्र पठाउने व्यवस्था गर्ने।

३. मन्त्रालय र मातहतका कार्यालयको स्वीकृत संगठन संरचना अनुसार करार दरवन्दीमा कार्यरत कर्मचारीहरूको तहगत विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३(तीन) दिन भित्र उपलब्ध गराउने।

४. लुम्बिनी प्रदेश सरकारबाट मिति २०८२।०६।२५ मा स्वीकृत "लुम्बिनी प्रदेश व्यवस्थापन परीक्षण निर्देशिका, २०८२" को दफा ६ बमोजिम सबै मन्त्रालय र मातहतका कार्यालयहरूले स्वःमूल्याङ्कन गरी सोको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने व्यवस्था गर्ने।

२०८२/८/२६

प्रमुख सचिव